# शहिद लखन गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१

## प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०८१ पुस १२ गते

# विषय सूची

१. विषय प्रवेश ..........................................................................................
२. सार्वजनिक सुनुवाइको उद्देश्य ........................................................................
३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी ..............................................................
४. सार्वजनिक सुनुवाइ कार्यक्रम ........................................................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... ...............................................
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ..............................................
७. निष्कर्ष ....................................................................................................
८. अनुसूचिहरु ................................................................................................
अनुसूची १ : सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना..............................................
अनुसूची २ : सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता......................
अनुसूची ३ : नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत.................................................
अनुसूची ४ : सार्वजनिक सुनुवाइ कार्यक्रमको कार्यक्रम तालिका..................................
अनुसूची ५ : पालिकाको सेवा प्रवाह र विकास निर्माण..............................................
अनुसूची ६ : सार्वजनिक सुनुवाइ कार्यक्रमका केही तस्वीरहरु.......................................
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ.........................................
अनुसूची ८ : कार्यक्रमको सञ्चार माध्यममा प्रकाशित समाचारहरु..............................
अनुसूची ९ : कार्यक्रमको उपस्थिति......................................................................

## १. पृष्ठभुमी

सरकार जनताका सबै अपेक्षाहरु पूरा गर्ने महत्वपूर्ण अंग हो । सार्वजनिक सेवा प्रवाहको अवधारणाले जनताका सबै आवश्यकतालाई प्रभावकारी सेवा प्रवाहका संयन्त्रद्धारा पूरा गरिनु पर्दछ। सेवा प्रवाहको संरचनाले सेवा र उपभोक्ता बीचको दुरी कम गराउनु पर्दछ अर्थात सेवामा जनता वा उपभोक्ताको सहज पहुंच हुनु पर्दछ। सेवा प्राप्तिका प्रक्रिया र नियमहरु पारदर्शी हुनु पर्दछ। सेवा प्रवाहको निर्धारित संरचनाले सेवा प्रवाहमा जनतावाट प्राप्त सन्तुष्टि वा सेवा प्रवाहमा भित्रिएका उदीयमान अवधारणाहरुको सन्दर्भमा सेवा प्रवाह सुधार योजना कार्यान्वयन हुनु आवश्यक छ। सेवा प्रवाहको संयन्त्र जहिले पनि सेवाग्राही मैत्री हुनु आवश्यक हुन्छ।

नयाँ संविधान २०७२ सालमा जारी भएपछि राज्य पुनः संरचना मार्फत तीन तहको सरकार सञ्चालनमा छन् । तर जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारका प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गरेका हुन्छन् । धेरै संवैधानिक अधिकार र जिम्मेवारी पाएका यी सरकारहरूले सक्रिय, इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु आवश्यक छ। स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा लोकतन्त्र सुदृढ गर्नेतर्फ ध्यान दिनु जरुरी छ। कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सबैभन्दा महत्वपूर्ण हो । पारदर्शिता र जवाफदेहीता सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् ।

प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ। स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भएमा सुशासनको जग नै खलबलिन्छ। तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ। राज्यको संरचना, राज्यशक्तिको बाँडफाँट अब जनतामा विकेन्द्रित भएको छ। कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुशासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ। तथापी सरकारहरु जनताप्रति उत्तरदायी हुन नसकेका गुनासा अझै घटेको छैन । प्राथमिकताले नभई पहुँचले अवसर पाउने अवस्था कायम छ।

यसर्थ, सरकारले गरेका विकास निर्माण र सेवा प्रवाहका विषयमा नागरिकको सन्तुष्टी मापन गर्नु र जनअपेक्षा अनुसार आफुलाई परिमार्जित गर्नु सरकारहरुको दायित्व हो । पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रचलन रहेको छ। जनताको आवाज र जनगुनासोहरुको प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम गरिन्छ। जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहनेगरी कार्यक्रमको परिकल्पना गरिएको हो । यसबाट आफ्ना कामबारे जनताले जाँच्छन् । संविधान जारी भएपछि जनप्रतिनिधिहरुको दोस्रो कार्यकाल तेस्रो वर्षमा चलिरहेको छ। तीनवटै सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेर काम गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ (५) ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले पनि सार्वजनिक सुनुवाई चौमासिक रुपमा गर्न निर्देशित गरेको छ। यस्तै, गण्डकी सरकारको सुशासन ऐन २०७६ र सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ अनुसार सार्वजनिक सुनुवाईलाइ अनिवार्य गरिएको छ। अहिले आएर अधिकांश स्थानीय सरकारले सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमै सञ्चालन गर्न थालेका छन् । फलस्वरुपः गोरखाको शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाइ २०८१ पुस १२ गते वडा नम्बर ९ को जनशक्ति माविमा सम्पन्न भएको छ।

## २. सार्वजनिक सुनुवाइका उद्देश्य

- गाउँपालिका/नगरपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गरिने ।
- सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने ।
- सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरिने ।
- जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई सेवा प्रवाहलाई गुणस्तरीय बनाइने ।
- पालिकाका कामबारे सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याइने ।
- समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गरिने तथा जिम्मेवार सरकार सञ्चालन गरिने ।

## ३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन, सहजीकरण र व्यवस्थापनको लागि सहमत मिडिया प्रालिलाई जिम्मेवारी दिइयो ।

ख) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्न पालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी आवश्यक तयारी थालियो । कार्यक्रमको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाइ कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । रेडियो मार्फत पनि सूचना प्रवाह गरिएको थियो । (*प्रवाह भएको सूचना अनुसूची १ मा रहेको छ ।*)

घ) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो । (*आचार संहिता अनुसूची २ मा रहेको छ ।*)

## ४. सार्वजनिक सुनुवाइ कार्यक्रम

पूर्व निर्धारित तालिका अनुसार २०८१ पुस १२ गते विहान ११ बजे कार्यक्रम हुने भनिएपनि सहभागीहरु समयमा उपस्थित नभएका कारण मध्यान्न साढे १२ बजेदेखि कार्यक्रम सुरु गरियो । कार्यक्रम करिव ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै सुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । *(तेस्रो चौमासिक एवं वार्षिक प्रतिवेदन अनुसूची ५ मा रहेको छ)* कार्यक्रमका सहभागीहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सार्वजनिक सुनुवाइ आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराइयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका लोकेन्द्र मानन्धरले सार्वजनिक गर्नुभयो । *(बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन अनुसूची ३ मा रहेको छ । )* त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो । *(कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )*

## ५. सार्वजनिक सुनुवाइका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्ष र अन्य जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानध्यापक र शिक्षकहरु, विभिन्न समूह वा सन्जाल, क्लव, महिला समूहका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, प्रहरी लगायतको उपस्थिति थियो । *(सहभागीहरुको उपस्थिति अनुसूची ९ र तस्विर अनुसूची ६ मा रहेको छ ।)*

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्ष र शाखा प्रमुखहरुले जवाफ दिनुभयो । *(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ७ मा रहेको छ ।)*

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा प्रश्न तथा गुनासा र सुझावहरु आएका छन् । कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाइ गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । शहिद लखन गाउँपालिकाले लामो समयदेखि चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै सुनुवाईबाट प्राप्त सुझावलाई ग्रहण गरी आवश्यक सम्बोधन नगरेको होइन । यद्यपी प्रश्न भने निरन्तर आइरहेका छन् । पालिकाले ठाउँ फेरेर कार्यक्रम आयोजना गरेका कारण सबै ठाउँका नागरिकहरुले निर्धक्कसँग आफ्ना विषय राख्न पाएका छन् । अहिलेको कार्यक्रमबाट प्राप्त सुझाव तथा प्रश्नहरु अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने हाम्रो विश्वास छ ।

पालिका र वडा सरकारको जनसेवा पहिलेभन्दा प्रभावकारी भएको छ । जिल्ला सदरमुकाम पुगेर लिँदै आएका काम अहिले पालिका र वडा तहबाटै सम्पादन भैरहेका छन् । जसका कारण संघीयताप्रति नागरिकको विश्वास बढ्दै गएको अनुभुति भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । पालिका तुलनात्मक रुपमा सुगम भएपनि वडाबाट नियमित सवारी साधनको व्यवस्था नहुँदा कार्यालयमा पुगेर सेवा लिन असुविधा भएको छ । विकास निर्माणका कामहरुमा अनुगमन कम भएको तथा मर्मत सम्भारमा खासै चासो नदिइएका प्रश्न नागरिकले गरेका छन् ।

नागरिकका प्रश्नमा गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आशा गरेका छौं । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । पालिकाको योजना कार्यान्वयनदेखि सेवा प्रवाहसमेतमा प्रश्नहरु उठेका छन् । खासगरी स्थानीय करार कर्मचारीको व्यवहार नागरिकहरुले मन पराएका छैनन् । राजश्व चुहावट भएकोमा पनि जनताको प्रश्न छ । आगामी दिनमा यस्ता समस्या सुधार हुने नै छ । गाउँपालिका र वडाको तर्फबाट सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो । *(सार्वजनिक सुनुवाइ कार्यक्रमबारे प्रकाशित समाचार अनुसूची ८ मा रहेको छ ।)*

# ८. अनुसूचीहरु

## अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

यस शहिद लखन गाउँपालिकाको आयोजनामा चालू आव २०८१।०८२ को पहिलो चौमासिक सम्म पालिकाले सम्पादन गरेका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपशीलको मिति, समय र स्थानमा हुने भएकोले यस गाउँपालिका भित्रका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति, उपसमिति तथा उपभोक्ता समिति लगायतका सरोकारवालाहरु सबैमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

मितिः २०८१ पुस १२ गते शुक्रबार

समयः विहान ११ बजे

स्थानः श्री जनशक्ति माबि, श.ल.गा.पा ९, नामजुङ

## अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

## अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | २२ प्रतिशत |
| दर्ता नवीकरण | २८ प्रतिशत |
| योजनाको सम्झौता गर्न | २६ प्रतिशत |
| भुक्तानी लिन | ४ प्रतिशत |
| सामाजिक सुरक्षा भत्ताको कागज बनाउन | २ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | १४ प्रतिशत |

| | |
|---|---|
| सूचनामुलक सामग्री प्राप्त गर्न | ४ प्रतिशत |
| अन्य कुनै भए | ८ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| ३४ प्रतिशत | ६६ प्रतिशत | ० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ३२ प्रतिशत | ६२ प्रतिशत | ६ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ५८ प्रतिशत | ४० प्रतिशत | २ प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ४२ प्रतिशत | ५२ प्रतिशत | ६ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ४६ प्रतिशत | ४४ प्रतिशत | १० प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| ३० प्रतिशत | ५८ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. घरघरमै सामाजिक सुरक्षा भत्ता पाइन्छ ।
२. जनप्रतिनिधिलाई कुनै कामका लागि बोलायो भने तुरुन्तै आउनुहुन्छ र काममा सहजीकरण गरिदिनुहुन्छ ।
३. घटनादर्ताका काम पनि पालिका र वडाबाट घरघरमै पुगेर गर्ने गरेको छ । जनतालाई सुविधा भएको छ ।
४. वडा कार्यालयको सेवा पहिले भन्दा सुधारिएको छ । सजिलोसँग सेवा लिन पाइएको छ ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. टोलटोलमा सामाजिक भवनहरु बनेका छन् । तर बैठक कक्ष नहुँदा ति भवनहरु अलपत्र छन् । मिटिङ हलको व्यवस्था गरिदिए राम्रो हुन्थ्यो ।
२. बर्खाको समयमा पनि टोलटोलमा एम्बुलेन्स जाने व्यवस्था हुनुपर्‍यो । सडक स्तरोन्नती प्राथमिकताका आधारमा गरियोस् ।
३. सामान्य कामका लागि पनि धेरै समय लाग्छ । छरितो काम हुने व्यवस्था गर्नुपर्‍यो ।
४. वडामा आएका कर्मचारी छिटोछिटो सरुवा हुने गरेको देखिन्छ । कारण के हो ?
५. अंग्रेजी डकुमेण्ट फोटोकपी पसलबाट बनाएर ल्याउनुपर्छ । बिग्रियो भने दुख धेरै पाइन्छ । वडाका सहायक कर्मचारीले आफ्ना मान्छेको बनाइदिन्छन्, नचिनेका कर्मचारीलाई बाहिरबाट बनाउन भन्छन् । यस्ता कागजपत्र वडामै बनाउन मिल्दैन ? (७ नम्बर वडा)
६. वडाका कर्मचारीले रसिद नदिई राजश्व लिने गरेका छन् । भेग हेरेर काम गर्छन् । स्थानीय कर्मचारीले जनतालाई बढी दुख दिन्छन् । राजनीतिक पूर्वाग्रह राख्छन् । (८ नम्बर वडा)
७. स्थायी कर्मचारी सरुवा भैरहन्छन्, सहायक र कार्यालय कर्मचारी सरुवा भएनन् । उनीहरु पनि सरुवा हुनुपर्‍यो । सेवाग्राहीलाई झर्किन्छन् ।

८. कर्मचारी र जनप्रतिनिधिले घुमाएर अनुदान बर्सेनि लिन्छन् । उनीहरुको परिवारका सदस्यका नाममा अनुदान गैरहेको छ, अनुगमन गरेर गलत गर्नेलाई कारबाही होस् ।
९. असारमा बनाएको बजेट मंसिरबाट मात्रै कार्यान्वयनमा जान्छ । भदौदेखि नै काम सुरु हुनुपर्‍यो । समयमा खर्च हुन सकेको छैन । विकास निर्माणमा समस्या भएको छ ।
१०. जग्गा बर्गीकरण नै थाहा भएन । सरकारले हतारमा निर्णय गर्दा झण्झट भयो । खरिद विक्री र अंशबण्डामा धेरै दुख भयो । अहिले मालपोतमा काम हुँदैन, फर्केर वडामा आउनुपर्छ ।
११. वडा र पालिकाबाट कृषिमा गरिएको लगानी उपलब्धी शून्य छ । अनुदानमा मनमौजी छ ।
१२. प्राविधिकहरु भेटिँदैनन् । वडामा भेटेरिनरीका औषधी पाइँदैन ।
१३. अहिलेसम्म शहिद लखन गाउँपालिका स्थापना भएदेखि शीर्षकगत रुपमा कति रकम खर्च गर्‍यो ? त्यो खर्चको उपलब्धी मुल्यांकन भएको छ कि छैन । बजेटको प्राथमिकता के हो ? प्राथमिकता अनुसार विनियोजन भएको छ त ?
१४. एउटै शाखाका सबै कर्मचारी कहिलेकाहीँ फिल्डमा जाँदा कार्यालय पुग्ने सेवाग्राहीले सेवा नपाई फर्किनुपरेको छ ।
१५. योजनाको गुणस्तर अनुगमन नै भएन । कतिपय योजनाहरु जनताको चाहना भन्दा पनि माथिबाटै जबरजस्ती हालिदिने गरेको पाइएको छ । अनुत्पादक क्षेत्रमा गरिएको बजेट विनियोजन हिउँदे सभाबाट रकमान्तर गरियोस् । (जस्तैः दिवस मनाउने कार्यक्रम, तालिम र प्रशिक्षण जस्ता कार्यक्रम)
१६. पालिकाको अन्तरशाखा समन्वय नै नभएको जस्तो लाग्यो ।
१७. पालिकाका कुन ठाउँमा के उत्पादन राम्रो हुन्छ भन्ने किसानलाई थाहा भएन । परम्परागत रुपमै खेती गरिरहेका छन् । माटो परीक्षण गरेर बढी प्रतिफल प्राप्त हुने खेतीको सिफारिस पालिकाले गरिदिनुपर्‍यो । किसानले गरेका उत्पादनको बजार व्यवस्था भए २-४ पैसा देख्न पाइन्थ्यो ।
१८. दीर्घरोगीले राज्यबाट पाउने भनेको भत्ता पाएको छैन । भत्ता लिन कहाँ जाने हो ? वडामा गएको आएन भन्छन्, पाइन्छ कि पाइँदैन ?

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३४ प्रतिशत | ५८ प्रतिशत | ८ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| २२ प्रतिशत | ६४ प्रतिशत | १४ प्रतिशत |

**वडाका कर्मचारीसँग बढी असन्तुष्टी रहेको**

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ३६ प्रतिशत | ८ प्रतिशत | ५६ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| ९४ प्रतिशत | ४ प्रतिशत | २ प्रतिशत |

**वडामा तिर्नुपर्छ । कहिलेकाहीँ कार्यालयमा नदिएपनि घरमा आएपछि माग्छन् ।**

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| ५० प्रतिशत | ४० प्रतिशत | १० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| ४४ प्रतिशत | ४४ प्रतिशत | १२ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| ६६ प्रतिशत | २० प्रतिशत | १४ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ३२ प्रतिशत | ६४ प्रतिशत | ४ प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| ५० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| २६ प्रतिशत | ६८ प्रतिशत | ६ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ९४ प्रतिशत | ६ प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ५० प्रतिशत | ४६ प्रतिशत | ४ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ३८ प्रतिशत | ५४ प्रतिशत | ८ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| २२ प्रतिशत | ६६ प्रतिशत | १२ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | १०० प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ८४ प्रतिशत | १२ प्रतिशत | ४ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ५२ प्रतिशत | १८ प्रतिशत | ३० प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| १० प्रतिशत | ४२ प्रतिशत | ४८ प्रतिशत |

# अनुसूची ४

## शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१

## कार्यक्रम तालिका

| | | | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>नरबहादुर पुडासैनी-कावा अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>रामप्रसाद लामिछाने-निवर्तमान अध्यक्ष-वडा नम्बर ९<br>**जवाफदेही**<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>नविन अधिकारी-प्रमुख, कृषि विकास शाखा<br>डा. विवेक पुडासैनी-प्रमुख, पशु विकास शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>यामबहादुर वृकट्टा-प्रमुख, प्रशासन शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, सामाजिक विकास शाखा<br>सानुकाजी बस्नेत-प्रमुख, योजना, अनुगमन, तथ्यांक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | वडा सचिव ९(सहायक) दीपक पाण्डे |
| | | | बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु, शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>रमेशबाबु थापा, अध्यक्ष |

# अनुसूची ५

## पालिकाको सेवा प्रवाह र विकास निर्माण

## आब २०८१।०८२ को प्रथम चौमासिक बजेट खर्च

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | आन्तरिक आम्दानी | ७४ लाख ८६ हजार |
| २. | संघ सरकारबाट प्राप्त आम्दानी | ११ करोड ३६ लाख |
| ३. | प्रदेश सरकारबाट प्राप्त आम्दानी | ८१ लाख १९ हजार |
| ४. | राजश्व बाँडफाँट | २ करोड ६९ लाख |
| ५. | गत वर्षको बैंक मौज्दात | ३ करोड ६६ लाख |
| **जम्मा** | | **१८ करोड ५४ लाख** |

## पहिलो चौमासिक खर्च प्रतिशत

| शीर्षक | प्रतिशत |
|---|---|
| चालू खर्च | २१.८४ |
| पूँजीगत खर्च | १६.३५ |
| जम्मा | २०.५२ |

## घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अवस्था

| क्र.सं. | विवरण | संख्या | सामाजिक सुरक्षा | संख्या | रकम |
|---|---|---|---|---|---|
| १. | जन्मदर्ता | १७० | ज्येष्ठ नागरिक | ३१३० | ३,७२,१५,०१० |
| २. | मृत्युदर्ता | ९६ | ज्येष्ठ ना. (दलित) | २२१ | १७,३४,३२० |
| ३. | सम्बन्ध विच्छेद | १६ | ज्येष्ठ एकल महिला | २७६ | २१,९३,९६८ |
| ४. | विवाह दर्ता | ९२ | विधवा | ४६३ | ३६,७३,४६० |
| ५. | बसाईंसराई (आउने) | २ | पूर्ण अपांग, अशक्त | ३१६ | २६,१४,५१४ |
| ६. | बसाईंसराईं (जाने) | ३१ | दलित बालबालिका | ३०१ | ४,६२,२७० |
| **जम्मा** | | ४०७ | | ४७०६ | ४,७८,९३,५४२ |

## वडागत योजना कार्यान्वयन

| विवरण | संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ |
| कुल योजना | २३ | २२ | २२ | १८ | ९ | २४ | २१ | २१ | १७ |
| उपभोक्ता समिति गठन | २३ | २२ | २२ | ९ | ९ | २४ | १३ | १६ | १० |
| सम्पन्न भएका योजना | ५ | १० | १२ | | ५ | २ | १३ | १६ | १० |
| भुक्तानी भएका योजना | ० | ० | १ | १ | १ | ० | २ | २ | २ |

## केही महत्वपूर्ण कामहरु

१. १५ बुँदे आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिएको, पालिकाको मासिक र वार्षिक प्रतिवेदन प्रकाशन गरिएको ।
२. अपांग परिचयपत्र, योजना सम्फौता, भुक्तानी, स्वास्थ्य सेवा जस्ता सेवाहरु घुम्ती मार्फत प्रदान गरिएको ।
३. जन्म र समवेदनामा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी पुगेर आवश्यक सहजीकरण गरिएको ।
४. प्रशासकीय भवनको निर्माण ९८ प्रतिशत पूरा भएको, १५ शैयुयाको अस्पताल २५ प्रतिशत निर्माण भएको ।
५. पालिकाको लगानीमा ३.५ किलोमिटर सडक पीच भएको ।
६. गाउँपालिकाबाट एसईई पास भएका विद्यार्थीलाई द्रव्यशाह, आँबूखैरेनी र गोरखा क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई नगद स्टेसनरी प्रदान गरिएको ।

# अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु



































गरेको सेवा प्रवाह र विकास निर्माणका विषयमा आयोजित
प्रथम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८१ पौष १२ गते   स्थान: जनशक्ति मा.वि. नामजुङ
शहिद लाखन गाउँपालिकाको
कार्यालय, गोरखा
सहमत मिडिया प्रा.लि.


प्रथम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम












## अनुसूची ७

**कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ**

| क्र.सं | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | निलप्रसाद लामिछाने | ➢ पशु गणना भएको भन्ने सुनिएको थियो । तर हाम्रोमा धेरै पशुहरु गणनाबाट छुटेका छन् । फेरि हुन्छ कि हुँदैन ?<br>➢ पशुका प्राविधिक बोलाउँदा बाखाको उपचार गर्न आउँदैनन् । भैंसी भए आउँछु भन्छन्, त्यसो गर्न पाइन्छ ?<br>➢ १-५ को दिवाखाजाको लागि १५ रुपैयाँ सरकारले छुट्याएको छ । यसले पुगेन । पालिकाले थप्ने व्यवस्था होस् । | ➢ पशु गणना भेटेरिनरी अफिसबाट भएको हो । हामीलाई जानकारी भएन । छुटेको कुरा माथि जानकारी गराइएको छ ।<br>➢ त्यस्तो भएको छैन । कमजोरी भएको रहेछ भने सुधार गर्छौं । बेलैमा खबर आए प्राविधिक पठाउन सकिन्छ, पठाइएको छ ।<br>➢ स्थानीय उत्पादन खरिद गरेर खुवाए यो रकम थोरै होइन । स्थानीय उत्पादन किन्ने व्यवस्था स्कुलले गर्नुपर्छ । |
| २. | राजेश थापा | ➢ वडामा प्राविधिकलाई सचिव बनाइएको छ । काम सहायक कर्मचारीले गर्नुभएको छ । नागरिकता लगायत सिफारिस विग्रिएको छ, जनताले दुख पाइएको छ ।<br>➢ भेटेरिनरी कर्मचारी छ भनिएको छ । न प्राविधिक देख्न पाइन्छ, न औषधी भेटिन्छ । समाधान कसले गर्ने हो ?<br>➢ कृषि कर्मचारी कहाँ जानुभएको छ ? नामजुडले कृषिमा फड्को मार्न लागिरहेको छ । प्राविधिक पाइएन । | ➢ बाध्यताले प्राविधिकलाई सचिव बनाउनुपरेको हो । अभाव भएको कर्मचारीको मागआकृति फाराम भरेर लोकसेवा आयोगसँग मागिएको छ ।<br>➢ अहिले बाह्रै महिना पुग्ने गरी औषधी व्यवस्था गरिएको छ । प्राविधिक पनि हप्तामा ३ दिन उपलब्ध हुनुभएको छ ।<br>➢ हाम्रो पालिकामा कृषि प्राविधिक अभाव छ । ५ जना दरबन्दी हो, वडा सचिवको काम पनि गर्नुभएको छ । मागआकृति फाराम भरेर पठाइएको छ, अब सहज होला । |
| ३. | रामप्रसाद लामिछाने | ➢ जग्गा वर्गीकरणमा धेरै गुनासो आयो । के कारणले कमजोरी भयो ? किनबेचमा धेरै झमेला भोग्नुपरेको छ । अंशबण्डामा पनि धेरै समस्या भैरहेको छ ।<br>➢ कर्मचारी अभाव भएर हो कि किन हो ? न स्वास्थ्यमा औषधी हुन्छ, न भेटेरिनरी औषधी पाइन्छ । औषधी नपाएर मर्नुपर्ने अवस्था आयो भने हाम्रो के सार भयो ?<br>➢ पूर्वाधारको काम गर्दा अहिले उपभोक्ता समितिमा बस्ने मान्छे पाउन गाह्रो छ । पाइहालियो भने पनि काम पारदर्शी छैन । दशैंमा गरिएको बाटो सरसफाई पनि भेदभाव गरेर बजेट पठाइयो । | ➢ पारदर्शी हिसावले नै गरेको त हो, केही कमजोरी भएको छ । छुटेका समस्या सुधार्न सूचना निकालिएको छ । समयमै निवेदन दिनुहोला ।<br>➢ औषधी बाह्रै महिनालाई पुग्ने गरी व्यवस्था गरिएको छ । औषधी नभएर मर्नुपर्ने अवस्था अब आउँदैन । तर समयमा विरामी भएको जानकारी गराउनुहोला ।<br>➢ भेदभाव गरेर कुनै काम गरिएको छैन । पारदर्शी हिसावले नै काम गरिएको छ । तथ्य सहित जानकारी गराउनुभयो भने सुधार्छौं । कमजोरी भएको ठाउँमा सुझाव दिनुपर्छ । हामी सुझावको अपेक्षा राख्छौं । |
| ४. | विष्णु कार्प्री | ➢ जग्गाको वर्गीकरण गर्दा एकै ठाउँमा एकारितबाट गएको सडकतिर मुल्य एउटा | ➢ सडकसँग जोडिएका जग्गाको दररेट निर्धारण भएको छ, अलि पहिले नै भएको |

| | | | |
|---|---|---|---|
| | | छ, अर्कोतिरबाट गएको सडकमा मुल्य अर्को छ । यस्तो फरक किन पऱ्यो ?<br>➢ जग्गाको मुल्य पनि मालपोतमा धेरै तिरो तिर्नुपर्छ । बैंकिङ कारोबारमा चाहिँ सस्तो मुल्यांकन किन हुन्छ ? सुनुवाई हुने ठाउँ नै भएन ।<br>➢ जिल्ला आयुर्वेद अस्पताल हाम्रो शहिद लखनमा छ । आम मान्छेहरु यसबाट सेवा लिन पाएका छैनन् । हामीसँग भएका जडिबुटी ठाउँ अनुसार सूचीत गरिदिए राम्रो हुन्थ्यो कि ?<br>➢ घरछेउबाट बेस्कन टिप्पर हुँईकिन्छन् । गिटी बालुवा बोकेर धादिङबाट गोर्खा आउँछन् । धुवाँधुलो हामीले खानुपरेको छ । तर बाटो अझै कच्ची छ । यतापछि उठाउन नदिने, अर्कोतिर धमाधम बेच्ने काम भयो । | हो । समस्या भएको भए पुनरावलोकन गर्नुपर्छ, फिल्डमै हेरेर समाधान गर्छौं ।<br>➢ दर निर्धारणमा केही समस्या भएको छ । सुधार्ने भनेर लागेका छौं । मालपोतसँग बसेर केही घटाउन सकिन्छ कि भन्ने सोंच पालिकाको छ । सुझावको लागि धेरै धन्यवाद । तर अन्यत्र भन्दा हाम्रो पालिकाको कर चाहिँ निकै कम छ । यो सत्य कुरा हो ।<br>➢ पटक पटक बसेका छौं । कति गर्न सक्ने नसक्ने उहाँहरुको पनि सहमति चाहिन्छ । तपाईंले भन्नुभएको गुनासो राखिदिन्छौं ।<br>➢ उहाँले लिखित रुपमै पत्राचार गरेर उत्खनन् नगर्नु भनेर ठेक्का लगाएका छैनौं । त्यो बुढीगण्डकीकै सम्पत्ति हो, अनुमति दिन सकिँदैन । |
| ६. | मानबहादुर खड्का | ➢ निजी वनको काठ बेच्न साह्रै चर्को मुल्य सरकारले लिन्छ । अरु पालिकामा कम महशुल छ, हाम्रोमा किन चर्को पऱ्यो ? रेट नमिलेर ठेकेदारहरु फर्किएर गए, घटाउन मिल्दैन ?<br>➢ बुंकोट घाटमा सबैतिरका मान्छे वितेपछि ल्याउँछन् । रातीपनि जान पर्छ । धादिङतिर जुनबेला पनि उज्यालो छ । यतापछि अन्धकार हुन्छ । बत्तिको व्यवस्था पालिकाले गरिदिए सहज हुन्थ्यो ।<br>➢ अनुदान पालिकाले धेरै वितरण गरेको छ । पकेट क्षेत्रमा पैसा गएको छ, तर त्यसको उपलब्धी देखिएन । पालिकाबाट अनुगमन गरिदिए राम्रो हुन्थ्यो कि ?<br>➢ जनताले कर तिर्न सकेनौं भनेर धेरै प्रश्न गरेका छन् । सरकार धेरै कर लिन पाए हुन्थ्यो भन्ने, जनता कम तिर्न पाए हुन्थ्यो भन्ने छ । धेरैले कर तिर्न छोडेका छन् । अंशबण्डामा पनि धेरै कर तिर्नुपर्दा साह्रै समस्या भयो । जग्गा बेच्दा पनि नपुगेर फर्किनुपरेको छ । | ➢ दररेट फरक परेको छैन । भिडाएर हेर्छौं । निजी वनको पनि दर्ता चाहिँ गर्नुपर्छ । वन डिभिजन कार्यालयले नै हेर्ने गरेको छ, हामीलाई पूर्ण अधिकार आइसकेको छैन । समन्वयमा काम गर्नुपर्ने हुन्छ ।<br>➢ राम्रो प्रश्न उठाउनुभयो । आगामी कार्यपालिका बैठकबाट आवश्यक बजेट व्यवस्था गरेर काम गर्छौं ।<br>➢ पकेट कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रममा गएको छ । हाम्रो स्थानीय तहमा यो वर्षदेखि बन्द भैसक्यो । अनुगमन त गरिरहेकै छौं ।<br>➢ पक्कैपनि समस्या भएको हो । अगाडि नै मुल्यांकन भएको हो । करको दर कति घटाउने विषय छलफल गरेका छौं । घटाउँदा समस्या हुने हो कि भनेर घटाइएको छैन । धेरै मुल्यांकन गर्दा नागरिकलाई धेरै फाइदा हुन्छ कि भनेर गरेको हो, मालपोतमा नामसारी गर्न जाँदा समस्या बनाएको छ । मालपोतसँग मिलेर समाधान गर्छौं । |

| | | | |
|---|---|---|---|
| ६. | भरत प्रसाद ढकाल | ➢ पालिका र वडाले टोल सुधार समितिलाई पनि कार्यक्रमहरुमा जानकारी दिँदैन । जनताले टोल सुधार समितिबाट जानकारी पाइएन भनेर प्रश्न गर्छन् । मलाई नै थाहा नभएको कुरा मैले कसरी जानकारी दिने ?<br>➢ यो बर्खामा पक्की सडकहरुमा धेरै पहिरो झरेको छ । त्यो कसले तह लगाउँछ ? यातायातलाई साह्रै समस्या भयो । | ➢ जानकारी नदिएको होइन, जानकारी दिएका छौं । सूचना पर्याप्त पठाएका छौं । कर्मचारीलाई खटाएरै सम्पर्क गरेका छौं । केही कमजोरी भए सुधारौंला । यहाँहरुले पनि पाएको सूचना नागरिकलाई दिनुपर्छ<br>➢ पहिरो हटाउने विषयमा छलफल भैरहेको छ । छिटै हटाइन्छ । खर्च धेरै लाग्ने भएर अलमलिएका हौं । |
| ७. | लिला श्रेष्ठ | ➢ पालिकाले लैंगिक हिंसा विरुद्धको अभियान त गऱ्यो । त्यो कार्यक्रम टाठाबाठाका लागि मात्रै भयो । जो जान सके उनीहरुको लागि मात्रै भएको छ । यो कार्यक्रममा पुरुष र महिला बराबर उपस्थित गराउन पऱ्यो । कार्यक्रम गाउँगाउँमा राख्नपाए राम्रो हुन्थ्यो कि ?<br>➢ २०७० को सर्भेमा राज्यले अति गरिवलाई स्वास्थ्य विमा गराएको थियो । अहिले हटाइएको छ । कारण के हो ? पालिकाबाट व्यवस्था गरिदिनुपऱ्यो । | ➢ कार्यक्रम आयोजना गरिएको छ, सबैलाई सहभागी गराउन नसक्ने अवस्था छ । बोलाउँदा सहभागी मिलेको छैन । सुधार गर्नुपर्छ । टोलमा गर्न सकिएको छैन, प्रयास गर्छौं । पुरुषलाई पनि राख्ने कुरा सह्रानीय छ । हामीले नगरेको होइन, तर सहभागी हुनुभएन ।<br>➢ अति विपन्न भन्ने वर्गीकरण गर्न समस्या भएको हो । अति गरिवको मापदण्ड छुट्याउन सकिएको छैन । पहिचान गर्न सकियो भने सजिलै काम हुन्छ । |
| ८. | सूर्यप्रसाद काप्री | ➢ गाउँमा सडक पुगेको छ । एम्बुलेन्स बोलाएर विरामी लैजान लागेको चल्दै चलेन । धकेलेर पठाउनुपऱ्यो । बाटो पनि सुधार गरिदिनुपऱ्यो । कम्तिमा एम्बुलेन्स जाने ठाउँ बनाइदिन पाए हुन्थ्यो । | ➢ एम्बुलेन्स पुऱ्याउने सडक मर्मत गर्ने राज्यको दायित्व हो । सानातिना काम नागरिक तहबाट पनि गर्नुपर्छ । |
| ९. | यज्ञ प्रसाद बञ्जारा | ➢ साविक २ नम्बर वडामा पानीको साह्रै समस्या भयो । पानीको स्रोत नहुँदा गाह्रो परेको छ । पानी पालिकाले र वडाले व्यवस्था गरिदिनुपऱ्यो । | ➢ खानेपानीको समस्या अहिले घटेको छ । एक घर एक धारा योजना सबै ठाउँमा पुगेको छ । यद्यपी केही समस्या छन् भने सम्बोधन गर्छौं । |
| १०. | धर्मराज थापा | ➢ योजनामा उपभोक्ता समिति गठन हुन्छ । काम गर्दा समितिले धरौटी राख्नुपर्ने रहेछ । बल्लबल्ल काम गऱ्यो, पालिकाले भुक्तानी घटाएर दिन्छ । कसरी काम गर्ने ? ऋण लाग्ने अवस्था छ ।<br>➢ खानेपानीको ठूल्ठूला योजना पहिले कार्यान्वयनमा गएको थियो । अहिले योजनामा काम हुँदाहुँदै छुट्यो । कसरी छुट्न गयो ? अब काम हुन्छ कि हुँदैन ? | ➢ लागत अनुमान अनुसार फिल्डमा भएको काम हेरेर नाप्ने हो । फिल्डमा भएको काम मात्रै नापजाँच गर्ने हो । प्राविधिकलाई सोधेर काम गर्नुस् । आफ्नै हिसावले काम सकेर आउँदा पुग्दैन, नियत राखेर गरेको होइन ।<br>➢ यस्ता ६ वटा योजना जिल्लाभर छुटेका छन् । सरकारसँग कुरा भैरहेको छ । सम्बोधनको प्रयास गरिएको छ । |

| | | | |
|---|---|---|---|
| ११. | विष्णुकुमार श्रेष्ठ | ➢ बुंकोटघाटबाट गोरखा तिरकाले किन उत्खनन् गर्न नपाएका हुन् ? धादिङतिर धमाधम उत्खनन् भैरहेको छ, हामीले पाएनौं । कारण के हो ? | ➢ बुढीगण्डकी आयोजनाले उत्खनन् गर्न रोकेको हो । हामीलाई परिपत्र आएपछि टेण्डर निकालिएन । अब त्यहाँ उत्खनन् गर्न सम्भव छैन । |
| १२. | मोहना खड्का | ➢ नामजुङमा पशु बीमा गरिन्छ । कृषिको बाली बीमा गर्न पाए उचित हुन्थ्यो कि । पालिकाले ध्यान दिनुहोला । | ➢ सुझाव ठीक हो । बीमा गरेकाले पनि भुक्तानी पाएका छैनन्, अप्ठ्यारो मान्छन् । हामी पनि सहजीकरण त गर्छौं । |
| १३. | भूमीनन्द ढकाल | ➢ पैसा तिरेर गर्न खोज्दा पनि पशु विमा गर्न पाइएको छैन । कर्मचारीले ट्याग छैन भन्नुभएको छ, के हो त्यो ? पालिकाले नै निशुल्क वीमा गरिदिए किसानले लाभ पाउँथे कि ?<br>➢ पालिका सुगम भएपनि नागरिकलाई कि रोक्न सकिएन ? बसाइसराईं रोक्ने योजना पालिकाको के छ ?<br>➢ बुंकोट-चौताराडाँडा-रामभञ्ज्याङ सडकलाई प्रत्येक वर्ष बजेट परेको छ । जलकन्य क्षेत्रमा कहिलैपनि मर्मत भएन, सँधै समस्या आइरहेको छ । सम्बोधन गरियोस् ।<br>➢ जनसंख्या बसाइसराईं रोक्न करको दायरा बढाएर दर घटाउने योजना ल्याउनुपर्‍यो । | ➢ पशुको विमा त भैरहेको छ । बरु कहिलेकाहीँ भुक्तानीमा समस्या भएको हो । ट्याग कहिलेकाहिँ सकिएको हुन सक्छ । आएपछि उपलब्ध गराएका छौं । निशुल्क गर्ने कुरा नीतिगत हो ।<br>➢ बसाइसराईं रोक्न सम्भव छैन । मान्छेहरु अलि बढी सुविधाको लागि सरेर जान्छन् । हामीले सुविधा थपेका छौं, रोक्न सकेका छैनौं ।<br>➢ ध्यानाकर्षण भएको छ । आगामी दिनमा काम गर्दा विचार पुर्‍याऔंला ।<br>➢ करको दर हाम्रो पालिकामा अन्यत्र भन्दा कम नै छ । अरु पालिकाको तुलना गरेर पनि हेर्नुपर्छ कहिलेकाहीँ । अझै घटाउने ठाउँ भए घटाउन तयार छौं । |
| १४. | भरत खनाल | ➢ अहिले वडामा भएका टोल समितिका संयोजकहरु लामो समयदेखि एउटै व्यक्ति छन् । कोही विदेश गैसके, कोही बाहिर छन् । यसको निर्वाचन कहिले हुन्छ ? | ➢ पालिकाले टोल विकास समिति निर्माण र कार्यक्षेत्रबारे कार्यविधि बनाएको छ । समयअवधी त्यसमा छ, ३ वर्षपछि पुनः गठन गर्नुपर्छ । |
| १५. | दिवस पाण्डे | ➢ वडा र पालिकाका बजेट उत्पादनमुलक भन्दा वितरणमुखी बढी भयो । यसले उपलब्धी देखिएन । आगामी बजेटमा सुधार होस् । उत्पादनको बजारीकरणमा ख्याल गरोस् ।<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १ सय दिने काम दिइन्छ । अदक्ष मान्छेले पनि दक्षले गर्नुपर्ने काम लगाइएको छ । काममा गुणस्तर भएन ।<br>➢ लागू पदार्थ न्यूनीकरण र साइवर क्राइम न्यूनीकरणको लागि पालिकाबाट कार्यक्रम आयो । अन्तरक्रिया पनि भयो, तर | ➢ बजेट विनियोजन दवाव र प्रभावमा भएको छ । यसको अन्त नभएसम्म भनेझैं काम गर्न सकिँदैन । सुधार गर्ने सुझाव राम्रो हो । प्रयास पालिकाको रहन्छ । जनस्तरबाट पनि सुधारको प्रयास गर्नुपर्छ ।<br>➢ कमजोरी भएको रहेछ भने सुधार्छौं । समस्या केहीमा देखिएको छ भन्ने गुनासो आएको छ । तोकिएको व्यक्तिले तोकिएकै काम गर्नुपर्छ । निर्देशन दिन्छौं ।<br>➢ अवस्था हेरेर नै कार्यक्रम राखिएको हो । लागूपदार्थ दुर्व्यसन यही ठाउँमा बढी छ भन्ने गुनासो छ । कार्यक्रमलाई अझै |

| | | | |
|---|---|---|---|
| | | प्रभावकारी भएन । जसलाई प्रविधिको बारेमा ज्ञान नै छैन, उहाँहरुलाई भेला पारेर यस्ता कार्यक्रम गर्नु के उपलब्धी होला ?<br>➢ युवा सहभागिताका कुरा गर्छौं तर योजना निर्माणमा सहभागिता छैन । म आफै पालिकाको युवा सञ्जालको अध्यक्ष हो । विभिन्न ठाउँमा कार्यक्रम भैरहेको हुन्छ, सूचना आउँदैन ।<br>➢ जनशक्ति माविमा सिटिईभीटीले ३ वर्षे डिप्लोमा इन्जिनियरिङ पढाएको छ । अहिले ५ जना छन्, यो ब्याच सकिएपछि सकिनेवाला छ । पालिकाको कार्यक्रम भएकोले छात्रबृत्ति कार्यक्रम दिए विद्यार्थी बढ्थे कि ? यहाँबाट उत्पादन भएका विद्यार्थीलाई पालिकामै रोजगारी दिने व्यवस्था गर्न सकिन्छ । | व्यवस्थित गर्नुपर्छ । सुझाव दिँदै जानुहोला । धन्यवाद ।<br>➢ युवा लक्षित कार्यक्रम गर्न त खोज्छौं, तर सहभागिता निकै कम हुन्छ । तालिम र खेलकुदका कार्यक्रम युवा लक्षित नै गरिएको छ । उत्पादनमुलक कार्यक्रम के गर्न सकिन्छ, आउनुस् छलफल गरौं ।<br>➢ हेर्दा राम्रो परिकल्पना हो । ६४ करोडको बजेटभित्र हामीले काम गर्ने १५ करोड हो । त्यसमा पनि ५ करोडको काम खुलेर गर्न पाइन्छ । हामीलाई पनि सबैलाई छात्रबृत्ति दिएर पढाउन मन छ, तर क्षमता छैन । लगानी चाहिँ गरिरहेका छौं । |
| **१६.** | सरिता ढकाल | ➢ अहिले गाउँगाउँमा बाँदर आतंकले किसान गावैं छोडेर हिड्नुपर्ने अवस्था बनेको छ । किसानले खेती खान नपाउने अवस्था बन्यो । नियन्त्रणको उपाय छैन र भन्या ? | ➢ यहाँको क्षति वन कार्यालयबाट संकलन गरेर राहत दिन्छ । नियन्त्रण त राज्यको कुरा हो, हामीले मात्रै गर्न सक्ने अवस्था छैन । |

## बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनमा उठाइएका प्रश्न र जवाफ

**टोलटोलमा सामाजिक भवनहरु बनेका छन् । तर बैठक कक्ष नहुँदा ति भवनहरु अलपत्र छन् । मिटिङ हलको व्यवस्था गरिदिए राम्रो हुन्थ्यो ।**

सुझाव राम्रो हो । एकातिर बसाइसराईं छ, अर्कोतिर भवन माग भैरहन्छ । आवश्यक्ता हेरेर व्यवस्था गरौंला । तर यो उत्पादनमुलक काम भने होइन ।

**बर्खाको समयमा पनि टोलटोलमा एम्बुलेन्स जाने व्यवस्था हुनुपर्‍यो । सडक स्तरोन्नती प्राथमिकताका आधारमा गरियोस् ।**

सबै ठाउँमा सडक छ । स्तरोन्नती निकै महंगो र खर्चिलो भएको छ । प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै जान्छौं ।

**सामान्य कामका लागि पनि धेरै समय लाग्छ । छरितो काम हुने व्यवस्था गर्नुपर्‍यो ।**

हाम्रा सेवाहरु छिटोछरितो नै छन् । यद्यपी केही सेवा ढिलो पनि भएको छ । कति समयमा सेवा उपलब्ध गराउन सक्छौं भन्ने निश्चित नभएकोले अलमलिएको हुन सक्छ । त्यो सेवा कति समयमा पाउने भन्ने थाहा हुनुपर्छ । तत्कालै सेवा पाइन्छ भन्ने मानसिकताले ढिलो भयो भन्ने लागेको हुन सक्छ । घटनादर्ता, सिफारिस जस्ता सेवा छरितो छ । कर्मचारीले सेवा प्रवाह गर्दा कहिले विदामा हुनुहुन्छ, कहिले विरामी भएको हुन सक्छ । कहिलेकाहीँ कागजात नपुगेर पनि रोकिएको हुन सक्छ । नत्र रोकिएको छैन ।

**वडामा आएका कर्मचारी छिटोछिटो सरुवा हुने गरेको देखिन्छ। कारण के हो ?**
कर्मचारी सरुवा बढुवा सामान्य प्रकृया हो। कोही बढुवा भएर जानुभएको छ। आन्तरिक सरुवा पनि भैरहेको छ। धेरै लामो समय एकै ठाउँमा सेवा गर्नुभन्दा नयाँ ठाउँमा पठाउँदा कार्यक्षमता पनि बढ्छ। प्रशासनिक कर्मचारी कम भएको छ अहिले। बाध्यताले स्थायी काम गर्न स्थायी कर्मचारी चाहिन्छ। प्राविधिकहरु खटाएका छौं। रिक्त पदपुर्तिका लागि माग आकृति फाराम भरेर पठाएका छौं। ५-७ महिनामा सबै समस्या समाधान हुने आशा छ।
**अंग्रेजी डकुमेण्ट फोटोकपी पसलबाट बनाएर ल्याउनुपर्छ। बिग्रियो भने दुख धेरै पाइन्छ। वडाका सहायक कर्मचारीले आफ्ना मान्छेको बनाइदिन्छन्, नचिनेका कर्मचारीलाई बाहिरबाट बनाउन भन्छन्। यस्ता कागजपत्र वडामै बनाउन मिल्दैन ? (७ नम्बर वडा)**
पटक पटक निर्देशन पनि दिने गरेका छौं। अझै छलफल गर्छौं। यद्यपी समस्या रहेछ भने फेरि सचेत गराउछौं, आवश्यक परे कारबाही पनि गर्छौं।
**वडाका कर्मचारीले रसिद नदिई राजश्व लिने गरेका छन्। भेग हेरेर काम गर्छन्। स्थानीय कर्मचारीले जनतालाई बढी दुख दिन्छन्। राजनीतिक पूर्वाग्रह राख्छन्। (८ नम्बर वडा)**
साह्रै गम्भिर विषय हो यो। आर्थिक ऐन अनुसार दस्तुर तिर्नुपर्छ तर रसिद लिएर मात्रै तिर्नुपर्छ। तिरेपछि रसिद माग्नुहोला। वडाध्यक्ष ज्यूहरुले पनि, कर्मचारीले पनि विना रसिद सिफारिस गर्दिनुभएन भने चुहावट रोकिन्छ। कतै भएको रहेछ भने कारबाहीको भागिदार हुन्छ। तुरुन्तै एक्सनमा जान्छौं।
**स्थायी कर्मचारी सरुवा भैरहन्छन्, सहायक र कार्यालय कर्मचारी सरुवा भएनन्। उनीहरु पनि सरुवा हुनुपर्‍यो। सेवाग्राहीलाई झर्किन्छन्।**
सबै कर्मचारी सरुवा गर्दा समस्या हुन सक्छ। सरुवा गर्न नमिल्ने भन्ने होइन। इन्टिच्युस्नल मेमोरीका लागि चलाउन गाह्रो पर्छ। छलफल गरेर अगाडि बढ्छौं।
**कर्मचारी र जनप्रतिनिधिले घुमाएर अनुदान बर्सेनि लिन्छन्। उनीहरुको परिवारका सदस्यका नाममा अनुदान गैरहेको छ, अनुगमन गरेर गलत गर्नेलाई कारबाही होस्।**
बढी अनुदान कृषि र पशुमा नै गएको छ। सम्बन्धित वडाबाट छलफल गरेर आवश्यक्ता परेकोलाई अनुदान वितरण गरिएको छ। केही समस्या छन्। कर्मचारी र जनप्रतिनिधिको परिवारमा गएको छ भने आगामी दिनमा सुधार गर्छौं
**असारमा बनाएको बजेट मंसिरबाट मात्रै कार्यान्वयनमा जान्छ। भदौदेखि नै काम सुरु हुनुपर्‍यो। समयमा खर्च हुन सकेको छैन। विकास निर्माणमा समस्या भएको छ।**
यो नागरिकका कारण पनि हो। हाम्रो पनि समस्या छ। अधिकांश काम १० लाख भन्दा साना योजना उपभोक्ता समितिबाट गर्ने भनेका छौं। समिति गठन समयमा गर्न सकिएको छैन। हामी पनि भदौबाट काम सुरु गरौं भन्ने हो। दशैंअघिसम्म प्रकृयागत काम सकियो र त्यसपछि फिल्डको काम गर्न पाए चैतसम्म काम सम्पन्न गर्न सक्छौं। यहाँहरुको पनि साथ सहयोग जरुरी हुन्छ।
**जग्गा बर्गीकरण नै थाहा भएन। सरकारले हतारमा निर्णय गर्दा झण्झट भयो। खरिद बिक्री र अंशबण्डामा धेरै दुख भयो। अहिले मालपोतमा काम हुँदैन, फर्केर वडामा आउनुपर्छ।**
स्थानीय तहमा शहिद लखन गाउँपालिकाले सबैभन्दा बढी पारदर्शी हिसावले काम गरेको छ। यद्यपी केही समस्या छ। वर्गीकरणमा छुट भएको छ। नापी कार्यालयको सहयोगमा वर्गीकरण गरेका थियौं। मालपोतमा अपडेट भएको, नापीमा अपडेट नभएको पनि छ। छुट भएका जग्गा र फरक परेका जग्गा मिलाउन सूचना प्रकाशन गरिसकेका छौं। निवेदन समयमै दिनुहोला।
**वडा र पालिकाबाट कृषिमा गरिएको लगानी उपलब्धी शून्य छ। अनुदानमा मनमौजी छ।**
प्रश्न अनुपयुक्त होइन। उपलब्धी नै भएको छैन भन्ने त होइन, तर अझै बढी उपलब्धी लिन सक्नुपर्थ्यो। बढी उत्पादनमुलक बनाउन पहल गर्छौं। प्रयास गर्छौं।

**प्राविधिकहरु भेटिँदैनन् । वडामा भेटेरिनरीका औषधी पाइँदैन ।**

९ वटै वडामा इन्जिनियरिङ प्राविधिक हुनुहुन्छ, भेटिनुहुन्छ । साविकको गाविस हेर्ने गरी भेटेरिनरी प्राविधिक हुनुहुन्छ । कृषिको कर्मचारी केही अभाव छ । प्रशासनिक कर्मचारी पूर्ण भएपछि यो समस्या सकिन्छ ।

**अहिलेसम्म शहिद लखन गाउँपालिका स्थापना भएदेखि शीर्षकगत रुपमा कति रकम खर्च गऱ्यो ? त्यो खर्चको उपलब्धी मुल्यांकन भएको छ कि छैन । बजेटको प्राथमिकता के हो ? प्राथमिकता अनुसार विनियोजन भएको छ त ?**

बजेट बनाउने बेलामा आगामी नीतिहरु मध्येनजर गर्नुपर्छ । सोंच, लक्ष्य, उद्देश्य भएपनि कार्यक्रम बनाउन गाह्रो परेको छ । तर यसको विकल्प छैन । कम्तिमा आवधिक योजना बमोजिम काम गरियो भने धेरै उपलब्धी हासिल गर्न सकिन्छ । सुझाव राम्रो हो । पालिकाको तर्फबाट ध्यान दिनैपर्छ ।

**एउटै शाखाका सबै कर्मचारी कहिलेकाहीँ फिल्डमा जाँदा कार्यालय पुग्ने सेवाग्राहीले सेवा नपाई फर्किनुपरेको छ ।**

कुनैकुनै शाखाको कार्यप्रकृति त्यस्तै हुन्छ । कृषिका कर्मचारी, पूर्वाधार विकासका कर्मचारीको काम नै त्यही हो, फिल्डमा जाने । नभेटिन सक्नुहुन्छ, कहिलेकाहीँ । भेटिनुभएन भनेपनि शाखामा समन्वय गर्नुभयो भने समाधान हुन्छ । अधिकांश समय भेट्न सक्नुहुन्छ ।

**योजनाको गुणस्तर अनुगमन नै भएन । कतिपय योजनाहरु जनताको चाहना भन्दा पनि माथिबाटै जबरजस्ती हालिदिने गरेको पाइएको छ । अनुत्पादक क्षेत्रमा गरिएको बजेट विनियोजन हिउँदे सभाबाट रकमान्तर गरियोस् । (जस्तैः दिवस मनाउने कार्यक्रम, तालिम र प्रशिक्षण जस्ता कार्यक्रम)**

कुरा ठीकै हो । दिवस मनाउने कार्यक्रम कम मात्रै गरेका छौं । महिलासम्बन्धी केही कार्यक्रम गरेका छौं । दिवस त मनाउनुपर्ने हो । तथापी दिवस नागरिकस्तरबाट नै मनाउन सकियो भने महत्व हुन्छ । सरकारले खर्च गरिरहनुपर्ने पनि हुँदैन । केही दिवस मनाउनैपर्ने बाध्यता रहन्छ । तालिम प्रशिक्षण पनि जरुरी नै हुन्छ । अझै बढाउनुपर्छ भन्ने लागेको छ, तर व्यवस्थित हुनुपर्छ ।

**पालिकाको अन्तरशाखा समन्वय नै नभएको जस्तो लाग्यो ।**

कुन प्रसंगमा भन्नुभयो, जानकारी भएन । समन्वय राम्रै छ ।

**पालिकाका कुन ठाउँमा के उत्पादन राम्रो हुन्छ भन्ने किसानलाई थाहा भएन । परम्परागत रुपमै खेती गरिरहेका छन् । माटो परीक्षण गरेर बढी प्रतिफल प्राप्त हुने खेतीको सिफारिस पालिकाले गरिदिनुपऱ्यो । किसानले गरेका उत्पादनको बजार व्यवस्था भए २-४ पैसा देख्न पाइन्थ्यो ।**

माटो परीक्षण गरिरहेका छौं । तर खेतीको सिफारिस हामीले गर्न सकेका छैनौं । सकेसम्म सिफारिस गर्ने सोचेका छौं ।

**दीर्घरोगीले राज्यबाट पाउने भनेको भत्ता पाएको छैन । भत्ता लिन कहाँ जाने हो ? वडामा गएको आएन भन्छन्, पाइन्छ कि पाइँदैन ?**

भत्ता गैसकेको छ । केही कारणले ढिलो भएको हो । सम्बन्धित व्यक्तिहरुले डकुमेण्ट समयमा नदिएका कारण ढिलो भएको हो । कतिपयले बैंक खाता नै खोल्नुभएको छैन । कागजात नवीकरण नगर्ने, गरेको पनि ठाउँमा नपुऱ्याउने भयो । सामाजिक सुरक्षा भत्ता जस्तो होइन, कागजात समयमा पुऱ्याउनुपर्छ ।

## अनुसूची ८

## सार्वजनिक सुनुवाइ कार्यक्रमका समाचारहरु

राष्ट्रिय दैनिक

# गोरखा समाचार

Gorkha Samachar Daily

जि.प्र.का. गोरखा द.नं. ०६-०६३/६४

**हार्दिक अनुरोध**
- वातावरण स्वच्छ, सफा हराभरा राखौं ।
- प्रदूषण कम गरौं ।
- इन्धनको सहि सदुपयोग गरौं ।

# शहिद लखनको वित्तीय प्रगती २० प्रतिशत

**गोरखा समाचारदाता**
**पुस १३ । गोरखा**

शहिद लखन गाउँपालिकाको हालसम्मको वित्तीय प्रगती जम्मा २० प्रतिशत रहेको छ । शुक्रबार सम्पन्न प्रथम चौमासिक सार्वजनिक सुनुवाईको क्रममा गाउँ पालिकाको प्रगति सार्वजानिक गर्दै प्रमुख प्रशासकीयक अधिकृत बाबुराम मगरले हालसम्म २०.५२ प्रतिशत बजेट खर्च भएको जानकारी दिएका हुन् ।

गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणका बिषयमा जानकारी दिने उदेश्यले सार्वजानिक सुनुवाई गरिएको उनले बताए । गाउँपालिकाको मंसिर मसान्त सम्मको अबधिमा २२.८४ प्रतिशत चालु र ३६ प्रतिशत पूजीगत खर्च गरेको उनले जानकारी दिए ।


सार्वजनिक सुनुवाईका क्रममा नागरिकहरुले गाउँपालिकाबाट प्राप्त भएको सेवा प्रवाहको विषयमा नागरिकहरुले आफ्ना प्रश्न, समस्या, सुझाबहरु राखेका थिए । पशु गणना गर्दा वडाको सम्पुर्ण नागरिकका पशुहरुको गणना नगरेको, वडामा भेटनरीको कर्मचारी नभएको, जग्गा बर्गिकरणमा भएको समस्या, भेटनरीमा पयाप्त मात्रमा औषधी नपाएको, पुर्वाधार निर्माणको काम प्रभावकारी नभएको लगायतका समस्या राखेका थिए । त्यसै गरी वडामा आएका अनुदानका विभिन्न कार्यक्रममा सम्बन्धित व्यक्ति सम्म नपुगेको, अनुदान कार्यक्रम वितरणमुखी भएकाले उत्पादनमुलक क्षेत्रमा लगाउनु पर्ने, उत्पादित बस्तुको बजारीकरण नभएको, कुन आवश्यक अध्ययन विनै जथाभावी लगानी गर्दा प्रभावकारी काम हुन नसकेको लगायतका गुनासो राखेका थिए । सार्बजनीक सुनुवाईमा उठेका प्रश्नहरुको बारेमा गाउँपालिकाका अध्यक्ष र मेशबाबु थापा मगर, गाउँपालिकाका उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकिय अधिकृत बाबुराम मगर, वडा नं. ९ का वडाध्यक्ष रामकुमार श्रेष्ठ र विषयगत शाखाका प्रमुखहरुले जवाफ दिएका थिए ।


कार्यक्रममा नेपाली कांग्रेस शहिद लखनका सभापति काशिनाथ अंगाई, नेकपा माओबादी केन्द्रका शहिद लखनका अध्यक्ष धुब्र खनाल, नेकपा एमाले शहिद लखनका अध्यक्ष काजिराम श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए


Scanned with CamScanner


## अनुसूची ९

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति









समाप्त ।